# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, माघ २९ गते, २०८२ साल (संख्या १२

## भाग-२

कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश वन ऐन,२०७८ को दफा ८४ बमोजिम कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२।१०।२५ को निर्णयबाट स्वीकृत भए बमोजिम कर्णाली प्रदेश वन (दोस्रो संशोधन) नियमावली,२०८२ सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### कर्णाली प्रदेश वन (दोस्रो संशोधन) नियमावली, २०८२

कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "कर्णाली प्रदेश वन (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **कर्णाली प्रदेश वन नियमावली, २०८० को नियम ६ मा संशोधनः** कर्णाली प्रदेश वन नियमावली, २०८० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (२) मा रहेको **"वरिष्ठ"** भन्ने शब्दको सट्टा **"जिल्ला सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको"** भन्ने शब्दहरु र **"कनिष्ठ डिभिजनल वन अधिकृत"** भन्ने शब्दहरुको सट्टा **"जिल्लाको अर्को डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत"** भन्ने शब्दहरु राखिएका छन्।"

निर्णय मितिः २०८२।१०।२५

आज्ञाले,
अजित कुमार कर्ण
प्रदेश सरकारको सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश